# ३स्क्वायर्सVT को लागि कसरी आवेदन गर्ने

## भर्मण्ट्स सप्लिमेण्टल न्यूट्रिशन एसिस्टन्स प्रोग्राम

*(विगतको फुड स्टाम्प्स)*

**1. तपाईँको आवेदन भरेर आफ्नो स्थानीय आर्थिक सेवा शाखाको कार्यालयमा पठाउनुहोस्।**

आवेदन प्राप्त गर्नलाई **www.vermontfoodhelp.com** हेर्नुहोस् अथवा **१-८००-२८७-०५८९** मा फोन गर्नुहोस्। यसलाई भर्न सहायता चाहिएमा तपाईँको स्थानीय **कम्यूनिटि एक्शन एजेन्सि**मा फोन गर्नुहोस् (तपाईँलाई नम्बर थाहा नभए २-१-१ मा फोन गर्नुहोस्)। वरिष्ठ नागरिकहरूले सिनियर हेल्पलाईनमा १-८००-६४२-५११९ मा फोन गर्न सक्नुहुनेछ।

**2. तपाईँको ३स्क्वायर्सVT केसवर्करसित अन्तर्वार्ता।**

तपाईँको आवेदन प्राप्त गरिसकेपछि, आर्थिक सेवाले तपाईँलाई तपाईँको अन्तर्वार्ताको मिति र समय उल्लेख गरिएको एउटा पत्र पठाउनेछ। धैरैजसो मानिसहरूले आफ्नो अन्तर्वार्ता फोनद्वारा पनि दिन सक्नेछन्। ३स्क्वायर्सVT कर्मचारीसित सोध्नुहोस्।

**3. ३स्क्वायर्सVT अन्तर्वार्ताका लागि के तयारी गर्नुपर्नेछः**

**आवश्यकः**

- परिचयको प्रमाण (सामाजिक सुरक्षा संख्या तथा व्यक्तिगत परिचय)
- सम्पूर्ण आयको प्रमाण (जस्तै: पे स्टबहरू, बैंक स्टेटमेन्टहरू, आदि)

**अतिरिक्त – तपाईँलाई उच्चतम सुविधा प्राप्त गर्न सहयोग गर्नः**

- आवास तथा युटिलिटि खर्च (जस्तै: भाडाका रसीद, मोर्टगेज स्टेटमेन्टहरू, टेलिफोन बिल, आदि)
- तपाईँको उमेर ६० वर्ष भन्दा बढी भए अथवा अपाङ्ग भएमा चिकित्सा खर्च (जस्तै: बिलहरू, को-पेज, प्रिमियमहरू, आदि)
- स्याहारका चाहिने बच्चा अथवा वयस्क भए त्यस सम्बन्धी कागजपत्र (जस्तै: भुक्तान दिएको चेक या प्रदायकबाट पाएको स्टेटमेन्ट)
- अदालतद्वारा आदेश गरिएको भुक्तान भएको शिशु सहायता रकम (भुक्तानको प्रमाण)

*यो सन्देशको केही अंशका लागि समान अवसर प्रदायक तथा रोजगारदाता संस्था USDA द्वारा आर्थिक अनुदान, प्रदान गरिएको हो।*

Vermont Campaign to End Childhood Hunger

४/१०/०९

VERMONT
DEPARTMENT FOR CHILDREN AND FAMILIES
ECONOMIC SERVICES DIVISION

# आवेदन गरेपछि के हुनेछ?

तपाईँको आवेदनमाथि कारबाही गर्न आर्थिक सेवा शाखा (ESD) लाई ३० दिनसम्म लाग्न सक्नेछ। तपाईँले २० दिनसम्म पनि ESD बाट केहि खबर पाउनुभएको छैन भने, आफ्नो आवेदनको अवस्था जाँच गर्न आफ्नो जिल्ला कार्यालयमा फोन गर्नुहोस्।

तपाईँले ३स्क्वायर्सVT को स्वीकृति पाएको भए तपाईँको सुविधा कति हुनेछ भनेर जनाउने एउटा प्रस्ताव पत्र हरेक महिना हुलाकबाट पाउनुहुनेछ।

हरेक वरिष्ट नागरिक (६५ बर्स माथिका) अथवा SSI (सप्लिमेन्टल सेक्युरिटि इन्कम) प्राप्त गर्ने परिवारका लागि हरेक महिनाको सुविधा उनीहरूकै बैंक खातामा जम्मा गराइनेछ।

अन्य सबै परिवारले हुलाकबाट एउटा EBT (इलेक्ट्रोनिक बेनेफिट्स ट्रान्स्फर) कार्ड प्राप्त गर्नेछन्।

- तपाईँले पिन नम्बर सेट गरेपछि आफ्नो कार्ड प्रयोग गर्न सक्नुहुनेछ। प्रायः सबै किराना/खाद्य सामग्रीका पसल तथा भर्मण्टका केही किसान बजारमा यो कार्ड प्रयोग गर्न सकिन्छ तथा यसलाई क्रेडिट या डेविट कार्ड सरह प्रयोग गरिन्छ।
- हरेक महिनाको शुरुमा तपाईँको कार्डमा सुविधा रकम जम्मा हुनेछ।

तपाईँको अवस्थाको पुनरवलोकन गर्ने समय भएमा आर्थिक सेवाले तपाईँलाई सम्पर्क गर्नेछ जुन प्रायः परिवारका लागि १२ देखि २४ महिनामा हुनेछ।

तपाईँलाई सुविधा दिन अस्वीकार गरिएमा, पुनरावेदन गर्ने अधिकार पाउनुहुनेछ। सहायताका लागि लिगल एडमा फोन गर्नुहोस्: १-८००-७६९-७४५९

*यो सन्देशको केही अंशका लागि समान अवसर प्रदायक तथा रोजगारदाता संस्था USDA द्वारा आर्थिक अनुदान, प्रदान गरिएको हो।*

Vermont Campaign to End Childhood Hunger

४/१०/०९

VERMONT
DEPARTMENT FOR CHILDREN AND FAMILIES
ECONOMIC SERVICES DIVISION